## निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको
## छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि (संशोधन सहित),२०७४

निक्षेप तथा कर्जा सुरक्षण कोषको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि यो कार्यविधि बनाइएको छ। नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाले यस छनौट तथा सिफारिस समितिको सचिवालयको रुपमा काम गर्नेछ।

१. **दरखास्त आव्हानः**

निक्षेप तथा कर्जा सुरक्षण कोषको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा पदपूर्तिका लागि २१ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गरिनेछ।

२. **योग्यता तथा अनुभवः**

अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन, वाणिज्य कानून, लेखा, बैंकिङ्ग वा बीमा विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी वा चार्टर्ड एकाउण्टेण्ट उपाधी हासिल गरी आर्थिक, बैंकिङ्ग, बीमा वा वित्तीय क्षेत्रमा कम्तिमा अधिकृत द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तिमा पाँच वर्ष भन्दा बढीको कार्य अनुभव भएको।

आ) निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ९(ग) बमोजिम अयोग्य नरहेको।

३. **दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः**

क) शैक्षिक योग्यता, कार्यानुभव, सम्पर्क ठेगाना(इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना)सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र,तालिम तथा कार्यानुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यवसायिक कार्ययोजना(Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ।

घ) आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत निकायबाट विभागिय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ।

४. **दरखास्तसाथ पेश गर्नुपर्ने स्वयं घोषणमा स्पष्ट हुनुपर्ने विवरणहरुः**

माथि उल्लेख गरिएका कागजातका अतिरिक्त दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

१) कुनै राजनीतिक दलको सदस्य नभएको।

२ निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कोषसँग निजी स्वार्थ नभएको।

३) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको।

४) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको।

५) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको।

६) नियतवश बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको।

७) विदेशी मुलुकको स्थायी वसोबासको अनुमति प्राप्त नगरेको।

८) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

## ५. प्रमुख कार्यकारी अधिकृत पदका लागि तोकिएको काम, कर्तव्य र अधिकारः

प्रमुख कार्यकारी अधिकृत पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३, निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५ तथा नियामक निकायबाट जारी भएको निर्देशिका कार्यविधि वा सूचना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

## ६. व्यवसायिक कार्ययोजना पेश गर्नु पर्नेः

१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक तथा वित्तीय कार्ययोजना (Business Action Plan) प्रमुख कार्यकारी अधिकृतका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछः

- क) निक्षेप तथा कर्जा सुरक्षण कोषको बारेमा जानकारी उल्लेख भएको विवरण
- ख) कोषको विद्यमान अवस्थाको पहिचान र विश्लेषण
- ग) कोषको सबल पक्ष दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण ( SWOT Analysis **)**
- घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण **(** Analysis of Major Areas for Strategic Reform**)**।
- ङ) कोषको नियामकीय लगायतका काम कर्तब्य सम्पादनमा जोखिम व्यवस्थापनका साथै सेवा विस्तार र क्षमता अभिवृद्धि स्थागत सुधार एवं सुशासन(Corporate Reform and Good governance)**,**मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरूको सञ्चालन, कोषका कामकारवाहीको पारदर्शिता, स्वच्छता, नियमितता, व्यावसायिकता, विश्वसनीयताको सुनिश्चितता, अनुगमन, मूल्यांकन तथा परिपालनको प्रभावकारिताको लागि आवश्यक कदमहरू समेत समावेश भएको समय-सारिणी सहितको व्यावसायिक तथा वित्तीय कार्ययोजना (Business Action Plan)**।**

२) व्यावसायिक तथा वित्तीय कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A4 Size को कागजमा तयार पर्नु पर्नेछ। अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक तथा वित्तीय कार्ययोजनाको मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा, उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु (**Text**)१२ प्वाइण्ट नर्मलमा तथा नेपाली भाषामा तयार गरिएको व्यावसायिक तथा वित्तीय कार्ययोजनाको मूल शिर्षक १८ प्वाइण्ट बोल्डमा, उपशिर्षक १६ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु १६ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ।

३) व्यावसायिक तथा वित्तीय कार्ययोजनाको मूल अन्तर्वस्तुको (Main Text) पहिलो पृष्ठमा पृष्ठ १(**1**) टाइप गरी सो पछिका पृष्ठहरुमा क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ।

४) व्यावसायिक तथा वित्तीय कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन **"i"** देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ।

५) तयार पारिएको व्यावसायिक तथा वित्तीय कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूचीमा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ। प्रस्तुतीकरणका लागि ४० (चालिस) मिनेट समय प्रदान गरिनेछ।

## ७. उम्मेदवारको मूल्यांङ्कन सम्बन्धी अङ्क भारः

उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५ बमोजिम तपसिलअनुसार कायम हुनेछ।

| | | |
|---|---|---|
| १) | शैक्षिक योग्यता – | १० अङ्क |
| २) | कार्य अनुभव – | १० अङ्क |

| | | |
|---|---|---|
| ३) | नेतृत्व क्षमता – | ५ अङ्क |
| ४) | व्यावसायिक तथा वित्तीय कार्ययोजनाको गुणस्तर – | ७० अङ्क |
| ५) | प्रस्तुतीकरण – | ५ अङ्क |
| | **पूर्णाङ्क –** | **१०० अङ्क** |

**१. उम्मेदवारको शैक्षिक योग्यता - १०**

| क) शैक्षिक योग्यता - १० | अङ्क बाँडफाड |
|---|---|
| स्नातकोत्तरः | |
| प्रथम श्रेणी | ८ |
| द्वितीय श्रेणी | ७ |
| तृतीय श्रेणी | ६ |
| विद्यावारिधी (थप) | २ |

**२. कार्य अनुभव - १०**

| | |
|---|---|
| ५-१० वर्ष | ५ |
| १०-१५ वर्ष | ८ |
| १५ वर्षभन्दा माथि | १० |

**३. नेतृत्व क्षमता - ५**

| | |
|---|---|
| व्यक्तित्व | १ |
| सिर्जनशिलता | १ |
| विषयवस्तुको सम्बोधन | १ |
| समूहलाई प्रभाव पार्ने क्षमता | १ |
| चातुर्यता | १ |

४. व्यावसायिक तथा वित्तीय कार्ययोजनाको गूणस्तर - **७०**

| | |
|---|---|
| क) संस्थाको यथार्थ अवस्था बारेको जानकारी - | ७ |
| ख) स्पष्ट धारणा - | ७ |
| ग) विश्लेषण तथा तार्किकता - | २० |
| घ) सृजनशिलता, नेतृत्व र संयोजन - | ५ |
| ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव - | २० |
| च) प्राथमिकता र कार्यान्वयन पक्ष - | ६ |
| छ) कार्य योजनाको ढांचा र लेखन शैंली - | ५ |

**५. प्रस्तुतीकरणको मूल्याङ्कनको आधार - ५**

| | |
|---|---|
| क) प्रस्तुतीकरण - | १ |
| ख) प्रस्तुतीको ढांचा र विधि - | १ |
| ग) स्पष्ट धारणा र आत्मविश्वास - | १ |
| घ) क्रिया प्रतिक्रियामा दक्षता र विषय-वस्तुको सान्दर्भिकता - | १ |
| ङ) समयको व्यवस्थापन - | १ |

**८. उम्मेदवार छनौटका आधार एवं प्रक्रियाः**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भए अनुसार हुनेछ। यसका लागि निम्नबमोजिमको प्रक्रिया अपनाइनेछः

१) उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यावसायिक तथा वित्तीय कार्ययोजनाको परीक्षणबाट प्राप्त अंङ्कको प्राथमिकताको आधारमा उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारलाई छनौट गरी व्यावसायिक तथा वित्तीय कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ।

२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरू मध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक तथा वित्तीय कार्ययोजनाको मूल्यांकन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई कार्यकारी निर्देशक नियुक्तिका लागि नेपाल सरकार समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ।

३) तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत राखी थप आवेदनको लागि ७ दिनको म्याद दिई पुनः दरखास्त आव्हान गरिनेछ।

४) पुनः दरखास्त आव्हान गर्दा उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ।

**९. व्यावसायिक तथा वित्तीय कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्थाः**

१) व्यावसायिक तथा वित्तीय कार्ययोजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ। समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ।

२) उपदफा (१) बमोजिम प्राप्त अङ्कको आधारमा औसत अङ्क निर्धारण गरी व्यावसायिक तथा वित्तीय कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ।